## मिति २०७६।१०।२७ गतेको ७० औं कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं.१ :** वीरेन्द्रनगर नगरपालिकाको छैठौं नगरसभा निम्नानुसारका एजेण्डाहरु सहित देहायको मिति,समय र स्थानमा बस्ने गरी आव्हान गर्ने ।

**देहाय :**

मिति : २०७६ फाल्गुण १९ गते सोमबार

समय : दिनको १:०० बजे

स्थान : नगरपालिकाको सभाहल

**प्रस्तावित एजेन्डाहरु**

(१) आर्थिक वर्ष २०७६।०७७ को बजेट,योजना तथा कार्यक्रम संशोधन,

(२) आन्तरिक र अन्तिम लेखा परिक्षण प्रतिवेदन समीक्षा सहित लेखा समितिको प्रतिवेदन,

(३) अर्धवार्षिक समीक्षा प्रतिवेदन र प्रगति सहित विषयगत समितिहरुको प्रतिवेदन प्रस्तुतीकरण,

(४) केही विधेयकहरु प्रस्तुत लगायतका विविध विषयहरु ।

**निर्णय नं.२ :** यस नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत विभिन्न कर्मचारीहरु मध्ये निम्नानुसारका कर्मचारीहरुको मिति २०७६ असार मसान्तमा म्याद समाप्त भएको र निजहरुको साविकमा संघीय सरकारको सशर्त अनुदान तर्फ प्राप्त बजेटबाट तलव भत्ता भुक्तानी गर्ने गरिएको र चालु आर्थिक वर्षमा सो बजेट रकम प्राप्त नभएको, निजहरुको सेवा निरन्तर आवश्यक भई हाल सम्म पनि कार्यरत रहेकोमा उक्त कर्मचारीहरुको २०७६ श्रावण ०१ गते देखी एक वर्ष सम्मका लागि म्याद थप गर्ने । निजहरुको तलव भत्तामा आवश्यक पर्ने अनुमानित खर्च रकम रु.३५ लाख नगरपालिकाको गत आर्थिक वर्षको मौज्दात मध्ये संचित कोषमा रहेको रकमबाट तलव तथा सेवा परामर्शमा शीर्षकमा विनियोजन गरि खर्च लेख्ने ।

**(क) म्याद थप गर्ने कर्मचारीहरु :**

| क.स | नाम | पद | तह | कार्यरत स्वास्थ्य संस्था | साविक पारिश्रमिक रु. | कायम हुने पारिश्रमिक रु. |
|---|---|---|---|---|---|---|
| १ | रुपक कार्की | हे.अ | सहायक पाचौं | प्रगतिनगर | १६,०००। | १६,०००। |
| २ | चेतन लामिछाने | हे.अ | सहायक पाचौं | गर्गरे | १६,०००। | १६,०००। |
| ३ | सविता कार्की | अ.न.मि. | सहायक चौथौं | धारापानी | १४,०००। | १४,०००। |
| ४ | प्रमिला थापा | अ.न.मि. | सहायक चौथौं | प्रगतिनगर | १४,०००। | १४,०००। |

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हेम कुमारी सोमै | अ.न.मि. | सहायक चौधौं | नेवारे | १४,०००। | १४,०००। |
| ६ | कृष्णा दहाल | अ.न.मि. | सहायक चौधौं | गर्गरे | १४,०००। | १४,०००। |
| ७ | कमला आचार्य | का.स | श्रेणीविहिन | धारापानी | ५०००। | १३,४५०। |
| ८ | कमला चुनारा | का.स | श्रेणीविहिन | नेवारे | ५०००। | १३,४५०। |
| ९ | दीर्घराज पौडेल | का.स | श्रेणीविहिन | गढी | १२,०००। | १३,४५०। |
| १० | विष्णु खत्री | का.स | श्रेणीविहिन | रतु | १२,०००। | १३,४५०। |
| ११ | भरत रास्कोटी | का.स | श्रेणीविहिन | सानीलेख | १२,०००। | १३,४५०। |
| १२ | भिम कु.तिवारी | का.स | श्रेणीविहिन | सानीलेख | १२,०००। | १३,४५०। |

**(ख) अघिल्लो कार्यपालिका बैठकबाट निर्णय गरे बमोजिम कार्यालय सहयोगी सेवा करारमा लिनुपर्ने संस्थाहरु र प्रस्तावित खर्च विवरण:**

| **क.स** | **स्वास्थ्य संस्थाको नाम** | **पद** | **तह** | **साविक पारिश्रमिक रु.** | **कायम हुने पारिश्रमिक रु.** |
|---|---|---|---|---|---|
| १ | दौलतपुर | का.स | श्रेणीविहिन | १३,४५०। | १३,४५०। |
| २ | नौलापुर | का.स | श्रेणीविहिन | १३,४५०। | १३,४५०। |
| ३ | उत्तरगंगा | का.स | श्रेणीविहिन | १३,४५०। | १३,४५०। |
| ४ | लाटिकोईली | का.स | श्रेणीविहिन | १३,४५०। | १३,४५०। |

**(ग) बर्थिङ सेन्टरको सःशर्त बजेट र ELMIS निःशर्त बजेट अनुदानबाट तलब भुक्तानी हुने गरि म्याद थप गर्ने कर्मचारीहरु:**

| **क.स** | **नाम** | **पद** | **तह** | **कार्यरत स्वास्थ्य संस्था** | **साविक पारिश्रमिक रु.** | **कायम हुने पारिश्रमिक रु.** | **बजेट स्रोत** |
|---|---|---|---|---|---|---|---|
| १ | सरीता श्रेष्ठ | अ.न.मि | सहायक पाचौं | लाटिकोईली | १४,०००। | १४,०००। | बर्थिङ सेन्टरको सःशर्त |
| २ | लिला ढकाल | अ.न.मि | सहायक पाचौं | जर्बुटा | १४,०००। | १४,०००। | बर्थिङ सेन्टरको सःशर्त |
| ३ | ज्ञानु पौडेल | अ.न.मि. | सहायक चौधौं | गढि | १४,०००। | १४,०००। | बर्थिङ सेन्टरको सःशर्त |
| ४ | हिमा थापा | अ.न.मि. | सहायक चौधौं | सानीलेख | १४,०००। | १४,०००। | बर्थिङ सेन्टरको सःशर्त |

**(घ)** नगरपालिकाका सम्पुर्ण स्वास्थ्य संस्था, सम्पुर्ण शाखा उपशाखा, वडा कार्यालय लगायतका इकाईहरुमा रहने स्थायी, करार र सेवा परामर्श तर्फबाट समेत पूर्ति गरी सेवा प्रवाहको लागि आवश्यक

Scanned by CamScanner

पर्ने न्युनतम् कर्मचारी संख्या एकीन गर्ने र समग्र प्रशासनिक विषयमा यथार्थ पेश गर्ने संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) को मस्यौदा प्रतिवेदन उपर छलफल गरी आगामी बैठकमा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं.३ :** कर्णाली प्रदेश सरकारले घोषणा गरेको सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश अभियानलाई अँझ प्रभावकारी बनाई सहयोग गर्न र वीरेन्द्रनगर नगरपालिकामा समेत त्यस्ता मानवहरुको व्यवस्थापन गर्न बान्छनीय भएकोले १२ नं. वडा कार्यालयको च.नं.१८७२, मिति २०७६।१०।६ र १३ नं.वडा कार्यालयको च.नं.६९५, मिति २०७६।१०।०५ को सिफारिस पत्र बमोजिम वडा नम्बर १३ को भुगोल र वडा नम्बर १२ का उपभोक्ताले प्रयोग गर्ने गरेको गुप्तीपुर क्षेत्रमा रहेको खाली जग्गामा कुनै पनि रुख विरुवा क्षति नहुने गरी करिब १३ रोपनी क्षेत्रफलमा प्रदेश सरकार समेतबाट प्राप्त रकमबाट नगरपालिकाले नै आश्रम भवन निर्माण गरी आफ्नै स्वामित्वमा रहने गरी आश्रम संचालन गर्ने प्रकिया अगाडी बढाउने ।

**निर्णय नं.४ :** यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री भानुभक्त रेग्मीको करार म्याद २०७६ पौष मसान्तमा सकिएको हुँदा निज संग गरिएको पुर्व सम्झौता बमोजिम नै सेवा सर्त रहने गरि २०७७ आषाढ मसान्त सम्म म्याद थप गर्ने ।

**निर्णय नं.५ :** विधायन समितिबाट पेश भएको लघु,घरेलु तथा साना उद्योग दर्ता,नविकरण,संचालन र नियमन सम्बन्धी कार्यविधि,२०७६ लाई प्राप्त राय सहित संशोधन स्वीकृत गरियो । साथै कार्यविधिको दफा ८ बमोजिमको निर्देशक समितिमा कार्यपालिका सदस्यहरु मध्ये श्री टिका घले र लक्ष्मी वि.क.ज्युलाई मनोनयन गर्ने ।

**निर्णय नं.६ :**

**क)** यस नगरापालिकाको वडा नं.८ मा जेष्ठ नागरिक पार्क निर्माण गर्न शहरी विकास मन्त्रालयमा रु.२ करोड रकम माग गर्ने ।

**ख)** नगरपालिकाको वडा नं. ११ आपतकालीन भवन निर्माण गर्ने कार्य सुरु गरिएकोमा सो भवन सम्पन्न गर्न नपुग हुने थप ५७ लाख रुपैया कर्णाली प्रदेश सरकारसँग माग गरी पठाउने ।

**ग)** वीरेन्द्रनगर नगरपालिकाको प्रशासनिक भवन धेरै पुरानो र जीर्ण भई संघीय संरचना अनुसार कार्यसम्पादन गर्न कठिनाई उत्पन्न भएकोले नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्न स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रमका लागि स्थानीय पुर्वाधार विभाग, ललितपुरमा करिव १५ करोड लागतको योजना माग गर्ने र सो को १० प्रतिशत रकम यस नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने ।

**घ)** स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि,२०७५ बमोजिम संघीय सरकारको बजेट कार्यकम अनुसार यस नगरपालिकामा स्वास्थ्य संस्था नभएका

Scanned by CamScanner

वडाहरुमा भवन निर्माण गर्न देहायका स्थान छनौट गर्ने र भवन निर्माण गर्दा दर्ता जग्गा उपलब्ध नभएका स्थानमा सार्वजनिक, ऐलानी, प्रति जग्गामा सो को समेत संरक्षण हुने गरी निर्माण गर्ने ।

**निम्न :**

(१) वडा नं.४, हिलेखाली (साविकको कटकुवा हेल्थ पोष्ट भएको स्थान)

(२) वडा नं.६, हालको कटकुवा स्वास्थ्य चौकी भएको क्षेत्र (वडा नं.७ स्थान परिवर्तन गरिएको)

(३) वडा नं.८ मा भवन बनिसकेको हुँदा सो को सट्टा वडा नं. २ दौलतपुर मा निर्माण गर्ने

(४) वडा नं.३, प्रगतिनगर

(५) वडा नं.१०, घुसा

(६) वडा नं.११,अमृत डाडां

(७) वडा नं.१ को चनाबारी

(८) वडा नं.५,भेटनरी पुर्व वडा कार्यालय सगैं

(९) वडा नं.१२ चादनी चोक, चनौटे

Scanned by CamScanner